श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४४ सालको ऐन नं. १५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### लागू औषध (नियन्त्रण) ऐन , २०३३ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः लागू औषध (नियन्त्रण) ऐन, २०३३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "लागू औषध (नियन्त्रण) (दोस्रो संशोधन) ऐन, २०४४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ मा संशोधनः लागू औषध (नियन्त्रण) ऐन, २०३३ (यसपछि "मूल ऐन" भनिएको) को दफा ४ को खण्ड (क) को सट्टा देहाएको खण्ड (क) राखिएको छ :–

"(क) गाँजाको खेती गर्न, उत्पादन गर्न, तैयारी गर्न, खरीद गर्न, बिक्री वितरण



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्न, निकासी वा पैठारी गर्न, ओसार पसार गर्न, संचय गर्न वा सेवन गर्न,"

३. मूल ऐनमा दफा ५ख. थप: मूल ऐनको दफा ५क. पछि देहायको दफा ५ख. थपिएको छ :–

"५ख. चिकित्सकको दायित्व: चिकित्सकले कुनै व्यक्तिको निमित्त लागू औषध सिफारिश गर्नु पर्दा लागू औषध आवश्यक नपर्ने व्यक्तिलाई लागू औषध सिफारिश गर्न वा लागू औषध आवश्यक पर्ने व्यक्तिलाई पनि आवश्यकता भन्दा बढी मात्रामा लागू औषध सिफारिश गर्नु हुँदैन ।"

४. मूल ऐनको दफा ११ मा संशोधन: मूल ऐनको दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छ :–

"११. औषध नियन्त्रण अधिकारीले लागू औषध नष्ट गर्ने आदेश दिन सक्ने: औषध नियन्त्रण अधिकारीले देहायका लागू औषध नष्ट गर्न आदेश दिन सक्नेछ :–

(क) यस ऐन विपरीत कुनै जग्गामा खेती भइरहेको गाँजा, अफिम र र कोका,

(ख) दफा ४ बमोजिम छुट भएका क्षेत्रमा बाहेक अन्यत्र आफै उम्रि-राखेको गाँजा, अफिम र कोका,

(ग) वेवारिसी अवस्थामा फेला परेका कुनै लागू औषध, र

(घ) यस ऐन अन्तर्गतका कसूरसम्बन्धी मुद्दा अदालतमा दायर हुन नसक्ने अवस्था परेमा सो कसूरसित सम्बन्धित लागू औषध ।"

५. मूल ऐनमा दफा ११क., ११ख. र ११ग. थप: मूल ऐनको दफा ११ पछि देहायका दफा ११क., ११ख. र ११ग. थपिएका छन् :–

"११क. अदालतले लागू औषध नष्ट गर्ने आदेश दिन सक्ने: यस ऐन अन्तर्गतको लागू औषधसम्बन्धी मुद्दा अदालतमा दायर भएपछि त्यस्तो लागू औषधको किसिम र परिमाणसम्बन्धी विवरण मिसिल संलग्न राखी अदालतले आवश्यक देखेमा लागू औषधको नमूना समेत राख्न लगाई त्यस्तो लागू औषध नष्ट गर्न औषध नियन्त्रण अधिकारीलाई आदेश दिन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११ख. सार्वजनिक रूपमा लागू औषध नष्ट गर्ने: दफा ११ र ११क. बमोजिम लागू औषध नष्ट गर्दा सम्बन्धित अधिकारीले स्थानीय पञ्चायतको प्रतिनिधि र नजिकको अर्को कार्यालयको प्रतिनिधिको रोहवरमा लागू औषधको किसिम र परिमाणसम्बन्धी लगत तयार गरी सार्वजनिक रूपमा लागू औषध नष्ट गर्नु पर्नेछ ।

११ग. औषधि बनाउनको लागि श्री ५ को सरकारले लागू औषध उपलब्ध गराउन सक्ने: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम जफत वा कब्जा गरिएको लागू औषधमध्ये गाँजा र अफिम श्री ५ को सरकारले उपयुक्त देखेमा औषधि बनाउने प्रयोजनको लागि कुनै औषधि बनाउने निकायलाई आवश्यक परिमाणमा उपलब्ध गराउन सक्नेछ ।"

६. मूल ऐनको दफा १४ मा संशोधन: मूल ऐनको दफा १४ को,–

(१) उपदफा (१) को खण्ड (क) मा रहेका "खेती गर्ने वा उत्पादन गर्ने" भन्ने शब्दहरूको सट्टा "सोही खण्डमा उल्लिखित अन्य कार्य गर्ने" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपदफा (२) मा रहेका "दफा ५क. को" भन्ने शब्दहरूको सट्टा "दफा ५क. र ५ख. को" भन्ने शब्दहरू राखिएका छन् ।

७. मूल ऐनमा दफा १८क. र १८ख. थप: मूल ऐनमा दफा १८ पछि देहायका दफा १८.क र १८ख. थपिएका छन्:–

"१८क. सम्पत्ति जफत हुने: (१) दफा ४ को खण्ड (ख), (ग), (घ), (ङ) र (च) अन्तर्गत निषेध गरिएको कुनै कार्य गरी आर्जन गरेको सबै चल तथा अचल सम्पत्ति जफत हुनेछ ।

(२) दफा ४ को खण्ड (ख), (ग), (घ), (ङ) र (च) अन्तर्गतको कसूरसम्बन्धी मुद्दामा कसूरदार ठहरिएको व्यक्तिको आफ्नो वा आफ्नो परिवारको थाहा भएसम्मको आम्दानीको स्रोतको अनुपातमा नमिल्दो आर्थिक साधन वा सम्पत्ति भएमा निजले अन्यथा प्रमाणित गर्न सकेमा बाहेक निजको त्यस्तो सम्पत्ति यस ऐन विपरीतको कार्य गरी आर्जन गरेको मानी त्यस्तो सम्पत्ति निजको परिवार वा अन्य कसैको नाममा राखिएको भएतापनि सो सम्पत्ति समेत जफत हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८ख. सूचना दिने व्यक्तिलाई पुरस्कार दिनेः कसैले लागू औषधको कारोबार गइरहेको कुराको सूचना लागू औषध नियन्त्रण अधिकारीलाई दिएमा र त्यस्तो सूचनाको आधारमा लागू औषध वा सम्बन्धित व्यक्ति पक्राउ भएमा त्यस्तो सूचना दिने व्यक्तिलाई श्री ५ को सरकारले पुरस्कारस्वरूप मुनासिब माफिकको रकम दिन सक्नेछ ।"

८. मूल ऐनमा दफा १९क. थपः मूल ऐनको दफा १९ पछि देहायको दफा १९क थपिएको छ :–

"१९क. उपचारको अवस्थामा रहेकोमा कारवाही नहुनेः (१) दफा १४ को उपदफा (१) को खण्ड (क) र (घ) मा जुनसुकै कुरा लेखिएको भए-तापनि लागू औषधको दुर्व्यसनको उपचार तथा पुनर्स्थापनको लागि श्री ५ को सरकारबाट स्थापना भएको वा श्री ५ को सरकारबाट मान्यता प्राप्त कुनै उपचार तथा पुनर्स्थापन केन्द्रमा उपचारको अवस्थामा रहेको लागू औषध सेवन गर्ने व्यक्ति यस ऐन बमोजिम सजायको भागी हुने छैन ।

(२) उपदफा (१) मा उल्लेख भएका केन्द्रहरूमा उपचार गराई रहेका व्यक्तिहरूको सम्बन्धमा सम्बन्धित अधिकारीले श्री ५ को सरकारले तोकेको ढाँचामा उपचारसम्बन्धी विवरणहरू सम्बन्धित उपचार तथा पुनर्स्थापन केन्द्रबाट प्राप्त गरी साप्ताहिक तथा मासिक रूपमा प्रतिवेदन तयार गरी राख्नु पर्नेछ ।"

९. खारेजीः मूल ऐनको दफा १३ र दफा २२क. खारेज गरिएका छन् ।

लालमोहर सदर मितिः– २०४४।६।६।६

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।